UNITED NATIONS MISSION
IN NEPAL

UNMIN

नेपालस्थित संयुक्त
राष्ट्रसंघीय मिसन

**संयुक्त राष्ट्रसङ्घीय महासचिवका प्रवक्ताद्वारा जारी वक्तव्य**

**न्यूयोर्क**

**०७ चैत्र २०६६**

भूतपूर्व प्रधानमन्त्री एवम् नेपाली कांङ्ग्रेसका सभापति, महामहिम गिरिजाप्रसाद कोईरालाको आज सबेरै भएको देहावसानप्रति महासचिवले गहिरो दु:ख प्रकट गर्नु भएको छ।

कोईरालाको निधन नेपाल र यसको जारी शान्ति प्रक्रियाकालागि ठुलो क्षति हो। संयुक्त राष्ट्र सङ्घ तथा यसका सिद्दान्त र आदर्शहरूप्रति गहिरो विश्वाश राख्ने मित्रका हिसाबले श्री गिरिजाप्रसाद कोईरालालाई बहुलवाद र विश्वव्यापी सहकार्यकालागि आवाज बुलन्द गर्ने व्यक्तित्वको रूपमा स्मरण गरिनेछ।

श्री कोईराला नेपालको बीसौं शताब्दिमा चलेको मजदुर तथा लोकतान्त्रिक आन्दोलनका अग्रणी धरोहर हुनुहुन्थ्यो र वहांले आफ्नो देशमा लोकतान्त्रिक अधिकार र न्यायका लागि व्यक्तिगत रूपमै बलिदान गर्नुका साथै अदम्य साहसका साथ संघर्ष गर्नुभएको थियो। वहांको साहसी र ढृढ नेतृ त्वले दस वर्षे द्वन्द्वको अन्त्य गर्न र २०६३ को जनआन्दोलनमा महत्वपूर्ण उर्जा प्रदान गरेको थियो।

नेपालको शान्ति प्रक्रीयाका साथै , मानवअधिकार तथा विकाशसम्बन्धि राष्ट्र सङ्घीय भूमिकामा कोईरालाले प्रदान गर्नुभएको अटल सहयोगका लागि महासचिव सदा आभारी रहनु हुनेछ।

महासचिवले कोईरालाको परिवार , नेपाली जनता , नेपाल सरकार एवम् नेपाली काङ्ग्रेसप्रति हार्दिक सम्वेदना प्रकट गर्नु भएको छ।

ICC Complex, New Baneshwor, GPO Box: 15211, Kathmandu, Nepal, Tel: + 977-1-5010036/37/38, Fax: +977-1-5010040